# मन्थली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
वागमती प्रदेश, नेपाल

**विज्ञापन कर सङकलनका लागि शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/०५)

मन्थली नगरपालिका क्षेत्रभित्र वस्तु र सेवाको प्रचार प्रसारका लागि गरिने विज्ञापनलाई नियमन गरी विज्ञापन कर सङ्कलन कार्य गर्न मन्थली नगरपालिकाको क्षेत्रभित्र विज्ञापन करको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८२ बमोजिम शिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्रमा सहभागी हुन सम्वन्धित सवैको लागि यो ४ (चार) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि. नं | सुचना नं. | शिलबन्दी दरभाउपत्रको नाम | न्युनतम बोलपत्र रकम (मु.अ.कर बाहेक रु.) | धरौटी रकम | बोलपत्र दस्तुर रु. | दरभाउपत्र खरिदको अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | 12/MM/RS/ 082/083 | मन्थली नगरपालिका क्षेत्र भित्र विज्ञापन कर सङ्कलन कार्य | १,५०,०००/- | कबोल अंकको ५% | १००० | २०८३/०३/०८ गते कार्यालय समय सम्म | २०८३/०३/०९ गते दिनको १२ बजे सम्म |

शर्तहरुः

१. इच्छुक दरभाउपत्र दाताहरुले फर्मको हकमा चालु आ.व. २०८२/०८३ को फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी साथमा माथी उल्लेखित नगद दस्तुर यस कार्यालयमा नगदै बुझाई वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मन्थली रामेछापमा रहेको खाता नं. १६८०१००३०१०१०००२ मा नगद जम्मा गरेको भौचर (फिर्ता नहुने गरी) साथ निवेदन पेश गरि यो सूचना प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताहरुले आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मन्थली रामेछापमा रहेको धरौटी खाता नं. १६८०१००३०३००००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी कम्तिमा ६० दिनको म्याद सहित जारी गरिएको विड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र खोल्ने समयसम्म दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद वा दर्ता हुने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयभित्र खरिद तथा दर्ता क्रमशः गर्न सकिनेछ ।

५. दरभाउपत्र सम्वन्धी विस्तृत जानकारी दरभाउपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

६. दरभाउपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. नेपाल सरकार वा सरकारी निकाय तथा मन्थली नगरपालिकामा बाँकी बक्यौता रहेका, कालोसूचीमा परेका, सरकारी बेरुजु रहेका व्यक्ति वा फर्मले यस प्रक्रियामा भाग लिन पाईने छैन, यदि उल्लेखित बक्यौता बाँकी रहेका फर्म वा व्यक्तिले भाग लिएमा यसबाट उत्पन्न हुनसक्ने कानूनी कर्तव्य र दायित्वको सम्बन्धमा स्वयं जवाफदेही हुनुपर्नेछ ।

८. मन्थली नगरपालिकाको आर्थिक ऐन २०८२ को अनुसुचि (३) दफा (४) सँग सम्वन्धित क.स.१२३ अनुसार तोकिएको विज्ञापन कर संकलन गर्नुपर्ने ।

नोटः यो सूचना सम्बन्धी थप जानकारी मन्थली नगरपालिकाको फेसबुक पेज हाम्रो मन्थली नगरपालिकामा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप वागमती प्रदेश, नेपाल